# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, भदौ १० गते २०६४ साल (अतिरिक्तांक ३१


## भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

व्यवस्थापिका-संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. १५

### गैर आवासीय नेपालीका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : गैर आवासीय नेपालीहरुमा नेपालप्रतिको सामिप्यता अभिवृद्धि गरी त्यस्ता व्यक्तिलाई नेपालको सर्वाङ्गिण विकासमा सहभागी गराउन उत्प्रेरित गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "गैर आवासीय नेपाली" भन्नाले नेपाली मूलको विदेशी नागरिक सम्झनु पर्छ र सो शब्दले विदेशमा बस्ने नेपाली नागरिक समेतलाई जनाउँछ ।

(ख) "नेपाली मूलको विदेशी नागरिक" भन्नाले कुनै व्यक्ति साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्ति सम्झनु पर्छ ।

(ग) "विदेशमा बस्ने नेपाली नागरिक" भन्नाले सार्कको सदस्य मुलुकमा बसोवास गरेको, नेपाल सरकारबाट खटीई विदेशस्थित कुटनैतिक नियोग वा महावाणिज्य दुतावासमा बहाल रहेको र विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक बाहेक कुनै पेशा, व्यवसाय र रोजगारी गरी विदेशी मुलुकमा कम्तीमा दुई वर्ष बसोवास गरेको नेपाली नागरिक सम्झनु पर्छ ।

(घ) "परिचयपत्र" भन्नाले दफा ४ बमोजिम दिइएको गैर आवासीय नेपालीको परिचयपत्र सम्झनु पर्छ ।

(ङ) "लगानी" भन्नाले मुनाफा आर्जन गर्ने उद्देश्यले नेपालको कुनै उद्योग वा व्यवसायमा गरेको लगानी सम्झनु पर्छ र सो शब्दले उद्योग वा व्यवसाय र गैर आवासीय नेपालीका बीच सम्झौता गरी कुनै विदेशी उत्पत्तिको प्रविधि सम्बन्धी अधिकार, विशिष्टता, फर्मुला, प्रक्रिया, पेटेण्ट, ट्रेडमार्क वा प्राविधिक सीप



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा ज्ञानको हस्तान्तरण गर्ने वा प्राविधिक सल्लाहकार वा व्यवस्थापन सेवा उपलब्ध गराउने कार्य समेतलाई जनाउँछ ।

(च) "परिवार" भन्नाले पति, पत्नी, बाबु, आमा, छोराछोरी, बाजे बज्यै र सासू वा ससुरा सम्झनु पर्छ ।

(छ) "नजिकका नातेदार" भन्नाले आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ब) मा उल्लिखित नातेदार सम्झनु पर्छ ।

(ज) "परिवर्त्य विदेशी मुद्रा" भन्नाले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (ठ) बमोजिमको परिवर्त्य विदेशी मुद्रा सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. गैर आवासीय नेपालीको अभिलेख खडा गर्ने : (१) कुनै गैर आवासीय नेपाली वा निजको परिवारले गैर आवासीय नेपालीको सो हैसियतमा आफ्नो नाम दर्ता गराउन चाहेमा तोकिए बमोजिमको दस्तुर सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक छानबिन गरी तोकिए बमोजिम गैर आवासीय नेपालीको अभिलेख खडा गर्नेछ ।

४. परिचयपत्र दिने : (१) दफा ३ बमोजिम अभिलेखमा नाम समावेश भएको गैर आवासीय नेपालीले परिचयपत्र लिन चाहेमा तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक छानबिन गरी तोकिए बमोजिमको दस्तुर लिई निवेदकलाई गैर आवासीय नेपालीको परिचयपत्र दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको परिचयपत्रको अवधि नेपाली मूलको विदेशी नागरिक भए निजले प्राप्त गरेको भिसाको अधीनमा रही बढिमा दश वर्ष र विदेशमा बस्ने नेपाली नागरिक भए दुई वर्षसम्म बहाल रहने छ ।

तर दुई वर्षभन्दा बढी विदेशमा बसोवास गर्न पाउने अनुमतिपत्रप्राप्त विदेशमा बस्ने नेपाली नागरिकलाई सो अवधिभरको लागि परिचयपत्र दिन सकिनेछ ।

(४) परिचयपत्र नवीकरण गराउन चाहने गैर आवासीय नेपालीले परिचयपत्रको अवधि समाप्त हुनु अगावै तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम परिचयपत्र नवीकरणको लागि निवेदन परेमा तोकिएको अधिकारीले उपदफा (३) को अधीनमा रही तोकिए बमोजिमको दस्तुर लिई परिचयपत्र नवीकरण गरिदिनु पर्नेछ ।

५. गैर आवासीय नेपालीको हैसियत कायमै रहने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लगानी गरेको विदेशमा बस्ने नेपाली नागरिक कुनै उद्योग वा व्यवसाय सञ्चालनको सिलसिलामा त्यस्तो उद्योग वा व्यवसायको सञ्चालक वा उच्च व्यवस्थापकीय पदाधिकारीको हैसियतले नेपालमा बसोवास गरेमा पनि निजको गैर आवासीय नेपालीको हैसियत कायमै रहनेछ ।

६. परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न पाउने : परिचयपत्रप्राप्त गैर आवासीय नेपालीले परिवर्त्य विदेशी मुद्रामा आर्जन गरेको रकम नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त कुनै


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वाणिज्य बैङ्क वा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रामा खाता खोली सञ्चालन गर्न सक्नेछ ।

७. परिवर्त्य विदेशी मुद्रामा लगानी गर्न सक्ने : (१) गैर आवासीय नेपालीले वा गैर आवासीय नेपालीको पचास प्रतिशतभन्दा बढी शेयर लगानी भएको कुनै विदेशी कम्पनीले प्रचलित कानून बमोजिम विदेशी लगानीको लागि खुला गरिएको उद्योग वा व्यवसाय वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गैर आवासीय नेपालीको लागि लगानी गर्न खुला गरेको अन्य कुनै उद्योग वा व्यवसायमा विदेशमा विदेशी मुद्रामा आर्जन गरेको रकम नेपालमा परिवर्त्य विदेशी मुद्रामा लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको गैर आवासीय नेपाली वा कम्पनीले नेपालमा लगानी गर्ने रकम प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तिय संस्था मार्फत प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त गरेको रकमको कानून बमोजिम स्रोत खुलाउनु पर्ने अवस्थामा सोको स्रोत खुलाउनु पर्नेछ ।

८. जानकारी दिनु पर्ने : कुनै गैर आवासीय नेपालीले नेपालमा लगानी गरेमा तोकिएको विवरण खुलाई तोकिएको अधिकारी समक्ष सोको जानकारी दिनु पर्नेछ ।

९. रकम फिर्ता लैजान सक्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गैर आवासीय नेपालीले दफा ७ बमोजिम गरेको लगानी र त्यसबाट प्राप्त भएको लाभ बराबरको रकम निजले परिवर्त्य विदेशी मुद्रामा तोकिए बमोजिम फिर्ता लैजान सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. नेपाली मूलका विदेशी नागरिकलाई सुविधा तथा सहुलियत : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली मूलका विदेशी नागरिकले नेपालभित्र बसोवास गर्नको लागि आफ्नो वा आफ्नो परिवारको निमित्त तोकिएको शर्तको अधीनमा रही तोकिएको क्षेत्रफलको जग्गा वा अन्य सम्पत्ति खरिद गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाली मूलको विदेशी नागरिकले खरिद गरेको सम्पत्ति प्रचलित कानूनको अधीनमा रही बिक्री गर्न सक्नेछ ।

(३) नेपाली मूलको विदेशी नागरिकको मृत्यु भई अपुताली परेमा र निजको नेपालमा सम्पत्ति भएमा त्यस्तो सम्पत्ति निजको हकवाला परिचयपत्रप्राप्त नेपाली मूलको विदेशी नागरिक भए निजले पाउनेछ र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिम हुनेछ ।

११. भिसा सम्बन्धी सुविधा : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा बसोवास गर्ने वा लगानी गर्ने परिचयपत्रप्राप्त नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारलाई दश बर्षसम्मको गैर आवासीय भिसा दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको भिसाको अवधि आवश्यकता अनुसार थप गर्न सकिनेछ ।

१२. कर नलाग्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा देहाय बमोजिम हुनेछ :-

(क) गैर आवासीय नेपालीले लगानी गर्दाको पूँजी रकममा कुनै कर लाग्ने छैन,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) गैर आवासीय नेपालीले निजको नजिकको नातेदार नेपाली नागरिकलाई निजी प्रयोगको लागि एक आर्थिक वर्षमा पन्ध्र लाख रुपैयाँमा नबढ्ने गरी नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था मार्फत पठाएको रकममा त्यस्तो रकम प्राप्त गर्दाको बखत कुनै कर लाग्ने छैन,

(ग) गैर आवासीय नेपालीले नाफा आर्जन नगर्ने गरी खडा भएको कुनै सामाजिक, धार्मिक, शैक्षिक, साँस्कृतिक, परोपकारी, खेलकूद वा दैवी प्रकोपको उद्धार कार्यसँग सम्बन्धित संस्थालाई नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था मार्फत पठाएको रकममा त्यस्तो रकम प्राप्त गर्दाको बखत कुनै कर लाग्ने छैन ।

१३. उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउने : यस ऐन बमोजिम लगानी गर्ने नेपाली मूलको विदेशी नागरिकले नेपाली नागरिक सरह नेपालमा उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउनेछ ।

१४. प्रचलित कानून बमोजिमको सुविधा पाउने : प्रचलित कानून बमोजिम कुनै विदेशी नागरिकले परिवर्त्य विदेशी मुद्रामा नेपालमा लगानी गरे बापत पाउने सुविधा यस ऐन बमोजिम लगानी गर्ने नेपाली मूलका विदेशी नागरिकले पनि पाउनेछ ।

१५. सल्लाहकार बोर्ड गठन गर्न सक्ने : (१) विदेशी लगानी सम्बन्धी नीति वा कानूनलाई समयानुकूल बनाउन, गैर आवासीय नेपालीलाई नेपालमा लगानी गर्न उत्प्रेरित गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन तथा गैर आवासीय नेपालीहरुबीच सुमधुर सम्बन्ध कायम गर्नको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गैर आवासीय नेपाली संस्थाको समेत प्रतिनिधित्व हुने गरी बढीमा सातजना रहेको एक सल्लाहकार बोर्डको गठन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको सल्लाहकार बोर्डको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

१६. गैर आवासीय नेपाली संघ सम्बन्धी व्यवस्था : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गैर आवासीय नेपालीहरुबीच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले गैर आवासीय नेपालीहरुले नेपालभित्र गैर आवासीय नेपाली संघ खोल्न पाउने छन्।

(२) गैर आवासीय नेपाली संघको दर्ता तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. परिचयपत्र रद्द हुने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा बस्ने नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता लिएमा निजले यस ऐन बमोजिम प्राप्त गरेको परिचयपत्र स्वत: रद्द हुने छ।

(२) उपदफा (१) बमोजिम परिचय पत्र रद्द भएमा विदेशमा बस्ने नेपाली नागरिकले सो हैसियतमा यस ऐन बमोजिमको कुनै सुविधा तथा सहुलियत पाउने छैन।

१८. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

प्रमाणीकरण मिति: २०६४।५।१०

आज्ञाले,
बाबुराम रेग्मी
नेपाल सरकारको निमित्त सचिव



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ४।-

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ५७) काठमाडौं,भदौ १३ गते २०६४ साल (अतिरिक्तांक) ३२**


## भाग ४

## नेपाल सरकार
## गृह मन्त्रालयको
## सूचना

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५४क. को उपधारा (६), (७) र (८) बमोजिम निर्वाचन क्षेत्र निर्धारण आयोगले प्रत्येक जिल्लाबाट प्रतिनिधित्व हुने संविधान सभा सदस्य संख्या र निर्वाचन क्षेत्र देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### जिल्लाः ताप्लेजुङ

जम्मा जनसंख्या:-१,३४,६९८
जम्मा गा.वि.स.संख्या:- ५०
हाल निर्धारित निर्वाचन क्षेत्र संख्या:- २

**क्षेत्र नं. १ मा पर्ने गा.वि.स.हरु:-**

| | | | |
|---|---|---|---|
| १. हाङदेवा | २. फुङलिङ | ३. फुरुम्बु | ४. लिमखिम |
| ५. दोखु | ६. खेवाङ्ग | ७. मामाङ्खे | ८. पेदाङ |
| ९. तेल्लोक | १०. याम्फुदिन | ११. नाम्खोल्याङ | १२. थेचम्बु |
| १३. तिरिङ्गे | १४. आम्वेगुदिन | १५. चाक्सीवोटे | १६. डुम्रिसे |
| १७. सिकेचा | १८. सिनाम | १९.. थुम्वेदिन | २०. आङखोप |
| २१. लिम्बुदिन | २२ मेहेले | २३. सावलाखु | २४. सादेवा |
| २५. सुरुम्खिम | २६. फावाखोला | २७. कालिखोला | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्र नं. २ मा पर्ने गा.वि.स.हरु:-

१. चाँगे  २. दुङेसाँघु  ३. हाङपाङ  ४. निगुरादीन
५. फुलवारी  ६. तापेथोक  ७. खाम्लुङ  ८. फाकुम्वा
९. साँघु  १०. सान्थाका  ११. थिङलाबु  १२. लिङ्तेप
१३. लिवाङ  १४. नाल्वु  १५. पापुङ  १६. सावा
१७. थुकिम्वा  १८. इखावु  १९. खोजेनिम  २०. खोकलिङ
२१. लेलेप  २२. ओलाङचुङगोला  २३. सवादिन

जिल्ला: झापा

जम्मा जनसंख्या:- ६,८८,१०९
जम्मा गा.वि.स.संख्या:- ४७
नगरपालिका संख्या :- ३
हाल निर्धारित निर्वाचन क्षेत्र संख्या:- ७

**निर्वाचन क्षेत्र नं. १ मा पर्ने गा.वि.स.हरु र नगरपालिका :-**

१. बाहुनडाँगी  २. धाइजन  ३. मेचीनगर नगरपालिका  ४. शान्तिनगर

**निर्वाचन क्षेत्र नं. २. मा पर्ने गा.वि.स.हरु :-**

१. अनारमनी  २. चन्द्रगढी  ३. चारपाने  ४. दुवागढी
५. गरामुनी  ६. हल्दिवारी  ७. ज्यामिरगढी

**निर्वाचन क्षेत्र नं. ३. मा पर्ने गा.वि.स. हरु र नगरपालिका :-**

१. वालुवाडी  २. बनियानी  ३. भद्रपुर नगरपालिका  ४. घेरावारी
५. जलथल  ६. केचना  ७. महेशपुर  ८. पाठामारी
९. पथरिया  १०. पृथ्वीनगर

**निर्वाचन क्षेत्र नं. ४ मा पर्ने गा.वि.स.हरु :-**

१. अर्जुनधारा  २. बुधवारे  ३. घैलाडुव्वा  ४. खुदुनावारी
५. शनिश्चरे  ६. सुरुङ्गा

**निर्वाचन क्षेत्र नं. ५ मा पर्ने गा.वि.स.हरु :-**

१. चकचकी  २. डाँगीवारी  ३. गोलधाप  ४. पाँचगाछी
५. राजगढ  ६. सतासीधाम  ७. शरणामती  ८. शिवगञ्ज
९. टाघनडुव्वा  १०.कुमरखोद

**निर्वाचन क्षेत्र नं. ६ मा पर्ने गा.वि.स.हरु :-**

१. वैगुनधारा  २. गौरादह  ३. गौरीगञ्ज  ४. जुरोपानी
५. खजुरगाछी  ६. कोहवरा  ७. कोराबारी  ८. महाभारा
९. महारानीझोडा

**निर्वाचन क्षेत्र नं. ७ मा पर्ने गा.वि.स.हरु र नगरपालिका:-**

१. दमक नगरपालिका  २. धरमपुर  ३. लखनपुर  ४. तोपगाछी

## जिल्ला: पाँचथर

जम्मा जनसंख्या:- २,०२,०५६
जम्मा गा.वि.स. संख्या:- ४१
हाल निर्धारित क्षेत्र संख्या:- २

निर्वाचन क्षेत्र नं. १ मा पर्ने गा.वि.स. हरु:-

१. लुङरुपा  २. याङनाम  ३. नागिन  ४. एकतीन
५. च्याङथापु  ६. मेमेङ  ७. प्राङवुङ  ८. सिदिन
९. अमरपुर  १०. भारप्पा  ११. पञ्चमी  १२. सुभाङ
१३. थर्पु  १४. नागी  १५. ओयम  १६. फलैंचा
१७. फिदिम  १८. रानिटार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**निर्वाचन क्षेत्र नं. २ मा पर्ने गा.वि.स. हरुः-**

| | | | |
|---|---|---|---|
| १. माग्जावुङ | २.. रानीगाउँ | ३. स्याबरुम्जा | ४. यासोक |
| ५. आङना | ६. हाङबुङ | ७. मौवा | ८. ओलने |
| ९. सराङडाँडा | १०. आसराङ | ११. सिवा | १२. नवमीडाँडा |
| १३. फाक्तेप | १४. आरुबोटे | १५. दुरदिम्बा | १६. लिम्वा |
| १७. कुरुम्बा | १८. लुम्फावुङ | १९ रबी | २०. चिलिङदिन |
| २१. इम्बुङ | २२. पौवासारताप | २३. चोकमागु | |

## जिल्लाः इलाम

जम्मा जनसंख्याः-२,८२,८०६
जम्मा गा.वि.स.संख्या ४८
नगरपालिका संख्या :- १
हाल निर्धारित निर्वाचन क्षेत्र संख्याः- ३

**निर्वाचन क्षेत्र नं. १ मा पर्ने गा.वि.स.हरुः-**

| | | | |
|---|---|---|---|
| १. गोर्खे | २. पशुपतीनगर | ३. श्रीअन्तु | ४. समालवुङ |
| ५. फिक्कल | ६. कन्याम | ७. पञ्चकन्या | ८. लक्ष्मीपुर |
| ९. चिसापानी | १०. दानावारी | ११. गोदेक | १२. शान्तिपुर |
| १३. कोलवुङ | १४. इरौटार | १५. जिरमले | |

**निर्वाचन क्षेत्र नं. २ मा पर्ने गा.वि.स.हरुः-**

| | | | |
|---|---|---|---|
| १. गजुरमुखी | २. लुम्दे | ३. फुयेतप्पा | ४. इभाङ |
| ५. धुसेनी | ६. एकतप्पा | ७. मंगलबारे | ८. आमचौक |
| ९. जीतपुर | १०. सिद्धिथुम्का | ११. साङ्गरुम्वा | १२. सोयाक |
| १३. बाँझो | १४. चुलाचुली | १५. साकफारा | १६. महमाई |

**निर्वाचन क्षेत्र नं. ३ मा पर्ने गा.वि.स.हरु र नगरपालिकाः-**

| | | | |
|---|---|---|---|
| १. बरबोटे | २. सोयाङ | ३. नामसालिङ्ग | ४. नयाँवजार |
| ५. प्याङ | ६. जोगमाई | ७. फाकफोक | ८. चमैता |
| ९. माइपोखरी | १०. साखेजुङ्ग | ११. पुवामजुवा | १२. माइमभुवा |
| १३. सुलुवुङ | १४. जमुना | १५. माबु | १६. सुम्वेक |
| १७. शान्तिडाँडा | १८. इलाम न.पा. | | |

## जिल्लाः भोजपुर

जम्मा जनसंख्याः- २,०३,०१८
जम्मा गा.वि.स. संख्याः- ६३
हाल निर्धारित क्षेत्र संख्याः- २

**निर्वाचन क्षेत्र नं. १ मा पर्ने गा.वि.स. हरु :-**

| | | | |
|---|---|---|---|
| १. नागी | २. अन्नपूर्ण | ३. छिनामखु | ४. तीम्मा |
| ५. गुप्तेश्वर | ६. सिद्धेश्वर | ७. वोखिम | ८. भैंसीपंखा |

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ९. श्यामसिला | १०. तीवारीभञ्ज्याङ | ११. याकु | १२. जरायोटार |
| १३. चरम्वी | १४. प्याउली | १५. चम्पे | १६. याङपाङ |
| १७. हेलौंछा | १८. बोया | १९. देउराली | २०. साङ्पाङ |
| २१. किमालुङ | २२. खारतम्छा | २३. तुङगेछा | २४. केउरेनीपानी |
| २५. मुलपानी | २६. कुदाककाउले | २७. नेपालेडाँडा | २८. चौकीडाँडा |
| २९. कुलुङ | ३०. खाटाम्मा | ३१. दोभाने | ३२. खावा |

निर्वाचन क्षेत्र नं. २ मा पर्ने गा.वि.स. हरु:-

| | | | |
|---|---|---|---|
| १. आङतेप | २. भोजपुर | ३. टक्सार | ४. च्याङ्ग्रे |
| ५. सानोदुम्मा | ६. ठूलोदुम्मा | ७. कोट | ८. गोगने |
| ९. लेखर्क | १०. ओखरे | ११. भुल्के | १२. दलगाउँ |
| १३. घोदलेखानी | १४. मानेभञ्ज्याङ | १५ वैकुण्ठे | १६. वासिखोरा |
| १७. यूँ | १८. वासींथर्पु | १९. चिदिङ्खा | २०. वालंखा |
| २१. पाङ्चा | २२. दुम्माना | २३. हसनपुर | २४. पातलेपानी |
| २५. खेराङ | २६. सिङ्राङ् | २७. होम्ताङ | २८.रानीवास |
| २९. देवानटार | ३०. पावला | ३१. वास्तिम | |

## जिल्ला:- तेह्रथुम

जम्मा जनसंख्या:- १,१३,१११
जम्मा गा.वि.स. संख्या:- ३२
हाल कायम भएको निर्वाचन क्षेत्र संख्या:- १

निर्वाचन क्षेत्रमा पर्ने गा.वि.स हरु-

| | | | |
|---|---|---|---|
| १. आवुङ | २. म्याङलुङ | ३. सावला | ४. ताम्फुला |
| ५. जिरिखिम्ति | ६. पिप्ले | ७. सोल्मा | ८. सुङनाम |
| ९. बसन्तपुर | १०. दाङपा | ११. फुलेक | १२. सुदाप |
| १३. आङदिम | १४. हमरजुङ | १५. ओखे | १६. पञ्चकन्यापोखरी |
| १७. जलजले | १८. ओयाक्जुङ | १९. सिम्ले | २०. चुहानडाँडा |
| २१. संकान्तिवजार | २२. थोक्लुङ | २३. छातेढुङ्गा | २४. ह्वाकु |
| २५. इवा | २६. इसाबु | २७. खम्लालुङ | २८. सम्दु |
| २९. मोराहाङ | ३०. पौथाक | ३१. श्रीजुङ्ग | ३२. फाक्चामारा |

## जिल्ला: धनकुटा

जम्मा जनसंख्या:-१,६६,४७९
जम्मा गा.वि.स.संख्या:- ३५
नगरपालिका संख्या :- १
हाल निर्धारित निर्वाचन क्षेत्र संख्या:- २

निर्वाचन क्षेत्र नं. १ मा पर्ने गा.वि.स.हरु र नगरपालिका:-

| | | | |
|---|---|---|---|
| १. वेलहरा | २. आहाले | ३. भेडेटार | ४. बुढीमोरङ्ग |
| ५. महाभारत | ६. फाक्सीव | ७. बोधे | ८. डाडाबजार |
| ९. खुवाफोक | १०. मौनावुधुक | ११ राजारानी | १२. बसन्तटार |
| १३. बुधबारे | १४. कुरुलेतेनुपा | १५. मुढेबास | १६. छिन्ताङ |
| १७. आँखिसल्ला | १८. धनकुटा न.पा | | |

निर्वाचन क्षेत्र नं. २. मा पर्ने गा.वि.स.हरुः-

| | | | |
|---|---|---|---|
| १. भीरगाउँ | २. परेवादिन | ३. ताँखुवा | ४. तेलिया |
| ५. हात्तिखर्क | ६. अर्खौलेजितपुर | ७. मूर्तीढुंगा | ८. सान्ने |
| ९. चानुवा | १०. डाडागाउँ | ११. लेगुवा | १२. मारेक कटहरे |
| १३. घोर्लिखर्क | १४. मुगा | १५. पाखिवास | १६. फलाँटे |
| १७. चुङवाङ | १८. खोकु | | |

जिल्लाः मोरङ

जम्मा जनसंख्याः- ८,४३,२२०
जम्मा गा.वि.स.संख्याः- ६३
उप-महानगरपालिका संख्या :- १
हाल निर्धारित निर्वाचन क्षेत्र संख्याः- ९

निर्वाचन क्षेत्र नं. १ मा पर्ने गा.वि.स.हरुः-

| | | | |
|---|---|---|---|
| १. राजगढ | २. इटहरा | ३. डाइनिया | ४. आमगाछी |
| ५. बरडंगा | ६. भुर्किया | ७. महादेवा | ८. सिजुवा |
| ९. गोविन्दपुर | | | |

निर्वाचन क्षेत्र नं. २. मा पर्ने गा.वि.स.हरुः-

| | | | |
|---|---|---|---|
| १. हसनदह | २. शनिश्चरे | ३. पथरी | ४. बयरबन |
| ५. अमरदह | | | |

निर्वाचन क्षेत्र नं. ३. मा पर्ने गा.वि.स.हरुः-

| | | | |
|---|---|---|---|
| १. वाहुनी | २. केरौन | ३. वेलवारी | ४. होक्लावारी |
| ५. बनीगामा | ६. डाँगीहाट | ७. कसेनी | ८. सिधाहा |
| ९. मोतीपुर | | | |

निर्वाचन क्षेत्र नं. ४. मा पर्ने गा.वि.स.हरुः-

| | | | |
|---|---|---|---|
| १. रङ्गेली | २. टकुवा | ३. वबियाविर्ता | ४. दर्वेसा |
| ५. दादरवैरिया | ६. कदमाहा | ७. अमाही वरियाती | ८.सोराभाग |
| ९. थलाहा | | | |

निर्वाचन क्षेत्र नं. ५ मा पर्ने गा.वि.स.हरु र उप-महानगरपालिकाका ७ वटा वडाहरु :-

१. वुधनगर २. माथिगाछ ३. मभारे ४. नेचा
५ सिसवनीजहंदा ६. पोखरिया
७.विराटनगर उ.म.न.पा..वडा नं. १६, १७, १८, १९, २०, २१ र २२

निर्वाचन क्षेत्र नं. ६ मा पर्ने गा.वि.स.हरु र उप-महानगरपालिकाका ७ वडाहरु :-

१. झोराहाट २. बैजनाथपुर ३. भौडाहा ४. कटहरी
५. लखन्तरी ६. विराटनगर उप-महानगरपालिकाको वडा नं. १, २, ४, १०, ११, १२ र १३

निर्वाचन क्षेत्र नं. ७ मा पर्ने गा.वि.स.हरु र उप -महानगरपालिकाका ८ वडाहरु :-

१. डङग्राहा २. टंकीसिनुवारी ३. हात्तिमुढा ४. शिसवनी वडहरा
५. तेतरिया ६. विराटनगर उप-महानगरपालिकाको वडा नं.३, ५, ६, ७, ८, ९, १४ र १५

निर्वाचन क्षेत्र नं. ८. मा पर्ने गा.वि.स.हरु :-

| | | | |
|---|---|---|---|
| १. दुलारी | २. मिर्गौलिया | ३. हरैंचा | ४. केरावारी |
| ५. सुन्दरपुर | ६. पाटीगाउँ | ७. याङसिला | ८. इन्द्रपुर |

निर्वाचन क्षेत्र नं. ९ मा पर्ने गा.वि.स.हरुः-

| | | | |
|---|---|---|---|
| १. भोगटेनी | २. जाँते | ३. रमितेखोला | ४. बारङ्गी |
| ५. सिंहदेवी सोमबारे | ६. लेटाङ्ग | ७. मधुमल्ला | ८. टाँडी |
| ९. उर्लावारी | | | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## जिल्लाः सुनसरी

जम्मा जनसंख्याः-६,२५,६३३
जम्मा गा.वि.स.संख्या ४९
नगरपालिका संख्या :- ३
हाल निर्धारित निर्वाचन क्षेत्र संख्याः- ६

**निर्वाचन क्षेत्र नं. १ मा पर्ने गा.वि.स.हरु र नगरपालिका :-**

| | | | |
|---|---|---|---|
| १. धरान नगरपालिका | २. पञ्चकन्या | | |

**निर्वाचन क्षेत्र नं. २ मा पर्ने गा.वि.स.हरु र नगरपालिका :-**

| | | | |
|---|---|---|---|
| १. इटहरी नगरपालिका | २. भादगाउँ सिनुवारी | ३. हाँसपोसा | ४. पकली |
| ५. खनार | ६. एकम्बा | | |

**निर्वाचन क्षेत्र नं. ३ मा पर्ने गा.वि.स हरुः-**

| | | | |
|---|---|---|---|
| १. दुहवी | २. सोनापुर | ३. अमाहीवेला | ४. चाँदवेला |
| ५. मधेली | ६. औरवनी | ७. अमडुवा | ८. भलुवा |
| ९. घिमडी | १०. तनमुना | ११. पूर्वकुशाहा | १२. छिटाहा |
| १३. सिमरिया | १४. रामगञ्जवेलागाछि | | |

**निर्वाचन क्षेत्र नं. ४ मा पर्ने गा.वि.स.हरु र नगरपालिकाः-**

| | | | |
|---|---|---|---|
| १. जलपापुर | २. देवानगञ्ज | ३. गौतमपुर | ४. डुम्राहा |
| ५. मध्यहर्षाही | ६. रामगञ्जसिनवारी | ७. कप्तानगञ्ज | ८. साहेवगञ्ज |
| ९. सन्तेरझोरा | १० मधेसा | ११. वविया | १२. इनरुवा नगरपालिका |

**निर्वाचन क्षेत्र नं. ५ मा पर्ने गा.वि.स.हरुः-**

| | | | |
|---|---|---|---|
| १. वसन्तपुर | २. हरिनगर | ३. लौकाई | ४. भोक्राहा |
| ५. धुस्की | ६. नरसिंहटप्पु | ७. रामनगरभुटाहा | ८. श्रीपुरजब्दी |
| ९.पश्चिमकसुहा | १०.हरिपुर | | |

**निर्वाचन क्षेत्र नं. ६ मा पर्ने गा.वि.स.हरु :-**

| | | | |
|---|---|---|---|
| १. विष्णुपादुका | २. प्रकाशपुर | ३. बराहाक्षेत्र | ४. भरौल |
| ५. गधवन | ६. महेन्द्रनगर | ७. सिंगीया | ८. वकलौरी |

## जिल्लाः संखुवासभा

जम्मा जनसंख्याः-१,५९,२०३
जम्मा गा.वि.स.संख्याः- ३३
नगरपालिका संख्या :- १
हाल निर्धारित निर्वाचन क्षेत्र संख्याः- २

निर्वाचन क्षेत्र नं. १ मा पर्ने गा.वि.स.हरु र नगरपालिकाः-

| | | | |
|---|---|---|---|
| १. चेपुवा | २. हटिया | ३. किमाथाङ्का | ४. पावाखोला |
| ५. मकालु | ६. नुम | ७. पाथीभरा | ८. याफु |
| ९. माङतेवा | १०. शिशुवाखोला | ११. ताम्कु | १२. बाला |
| १३. दिदिङ | १४. सित्तलपाटी | १५. मत्स्यपोखरी | १६. बाह्रबिसे |
| १७. धुपु | १८. सभापोखरी | १९. खाँदवारी न.पा | |

निर्वाचन क्षेत्र नं. २ मा पर्ने गा.वि.स.हरुः-

| | | | |
|---|---|---|---|
| १. जलजला | २. वाना | ३. स्यावुन | ४. नुनढाकी |
| ५. सिद्धपोखरी | ६. सिद्धकाली | ७. मावादिन | ८. मदिरामवेनी |
| ९. चैनपुर | १०. आँखिभुई | ११. बानेश्वर | १२. खराङ्ग |
| १३. मादी मूलखर्क | १४. तामाफोक | १५. माम्लिङ | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## जिल्लाः उदयपुर

जम्मा जनसंख्याः- २,८७,६८९
जम्मा गा.वि.स.संख्याः- ४४
नगरपालिका संख्या :- १
हाल निर्धारित निर्वाचन क्षेत्र संख्याः- ३

**निर्वाचन क्षेत्र नं. १ मा पर्ने गा.वि.स.हरु :-**

१. वसाहा   २. वेल्टार   ३. चौदण्डी   ४. हडिया
५. जोगिदह   ६. कटुञ्जेबावला   ७. खाँवु   ८. मैनामैनी
९. ठोक्सिला   १०. सिद्धिपुर   ११. साउने   १२. सुन्दरपुर
१३. तपेश्वरी वेलही

**निर्वाचन क्षेत्र नं. २. मा पर्ने गा.वि.स.हरु र नगरपालिकाः-**

१. आँपटार   २. वलम्ता   ३. भलायडाँडा   ४. भुटार
५. जाल्पा   ६. जाँते   ७. लाफागाउँ   ८. नामेटार
९. पोखरी   १०. रौता   ११. त्रियुगा नगरपालिका

**निर्वाचन क्षेत्र नं. ३ मा पर्ने गा.वि.स.हरुः-**

१. वराहा   २. बराई   ३. बाँसवोटे   ४. डुम्रे
५. हर्देनी   ६. इनामे   ७. कटारी   ८. लेखानी
९. लेखगाउँ   १०. लिम्पाटार   ११. ययाँखु   १२. ओखले
१३. पञ्चवती   १४. रिस्कु   १५. रुपाटार   १६. सोरुङ्ग
१७. सिरिसे   १८. ताम्लिडा   १९. तावाश्री   २०.थानागाउँ
२१. त्रिवेणी

## जिल्लाः सप्तरी

जम्मा जनसंख्याः-५,७०,२८२
जम्मा गा.वि.स.संख्याः- ११४
नगरपालिका संख्या :- १
हाल निर्धारित निर्वाचन क्षेत्र संख्याः- ६

**निर्वाचन क्षेत्र नं. १ मा पर्ने गा.वि.स.हरु :-**

१. धरमपुर   २. घोघनपुर   ३. जगतपुर   ४. कमलपुर
५. कञ्चनपुर   ६. फत्तेपुर   ७. ओद्राहा   ८. पिप्रा (पूर्व)
९. रुपनगर   १०. बकधुवा   ११. ठेलिया   १२. तेरहौता
१३. वदगामा   १४. जण्डौल   १५. परसवनी   १६. सितापुर
१७. बरमझिया   १८. बसविट्टी   १९. लेहजरा   २०. मैनाकडेरी

**निर्वाचन क्षेत्र नं. २ मा पर्ने गा.वि.स.हरु :-**

१. वैरवा   २. डिमन   ३. हनुमाननगर   ४. जोगिनिया(दुई)
५. मधुवापुर   ६. पोर्ताहा   ७. त्रिकौला   ८. बभनगामाकट्टी
९. महादेवा   १०. वथनाहा   ११. भारदह   १२. पकडी
१३. भगवतपुर   १४. डाढा   १५. गोइठी   १६. इनर्वा
१७. जोगिनिया (एक)   १८. गोवरगाडा   १९. बर्साइन (को)   २०. कोइलाडी

**निर्वाचन क्षेत्र नं. ३ मा पर्ने गा.वि.स.हरु र नगरपालिकाः-**

१. डिघवा   २. विशहरिया   ३. लौनिया   ४. मधेपुरा
५. रामपुरमलहनीया   ६. शंकरपुरा   ७. तीलाठी   ८. वीरपुर
९. वोरिया   १०. इटहरि विष्णुपुर   ११. कोचावखारी   १२. लालापट्टी
१३. फरसेठ   १४. देउरी मरुवा   १५. राजविराज नगरपालिका   १६. हरिहरपुर

**निर्वाचन क्षेत्र नं. ४ मा पर्ने गा.वि.स.हरुः-**

१. छिन्नमस्ता   २. जमुनीमधेपुरा   ३. मलेठ   ४. मलेकपुर
५. कटैया   ६. फकिरा   ७. सिमराहासिग्यौन   ८. अर्नाहा
९. बनैनिया   १०. बेलहीचपेना   ११. ब्रम्हपुर   १२. भुटकी
१३. मधुपुर (कविलासा)   १४. नर्घो   १५.गम्हरियापरवाहा   १६. पत्थरगाढा
१७. औरही   १८. भुतही   १९. पातो


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माध्यमको" भन्ने शब्दहरुको सट्टा "त्यस्तो प्रकृतिका अन्य कुनै दूरसञ्चार माध्यमको" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ४२ को दफाशीर्षकमा रहेको "मध्यस्थ" भन्ने शब्दको सट्टा "मध्यस्थता" भन्ने शब्द राखिएको छ ।

१२. करार ऐन, २०५६ मा संशोधन : करार ऐन, २०५६ को,-

(१) दफा ४० को उपदफा (१) मा रहेको स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छ :-

"स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनको लागि "वस्तु" भन्नाले तत्काल प्रचलनमा रहेको मुद्रा, धितोपत्र वा उजुर गरी कार्यान्वयन गर्न सकिने दावी (एक्सनेवल क्लेम) बाहेक खरिद-बिक्री हुन सक्ने कुनै पनि चल सम्पत्ति सम्झनु पर्छ ।"

(२) दफा ८४ को उपदफा (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

१३. प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ मा संशोधन : प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को,-

(१) दफा ३ को उपदफा (२) मा रहेका "प्रतिकूल नहुने गरी" भन्ने शब्दहरुको सट्टा "प्रतिकूल हुने गरी" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ४ को उपदफा (२) मा रहेका "प्रतिकूल नहुने गरी" भन्ने शब्दहरुको सट्टा "प्रतिकूल हुने गरी" भन्ने शब्दहरु राखिएका छन् ।

१४. कम्पनी ऐन, २०६३ मा संशोधन : कम्पनी ऐन, २०६३ को,-

(१) दफा ५१ को उपदफा (१) मा रहेको "प्रथम" भन्ने शब्द झिकिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा ५६ को उपदफा (२) मा रहेको "स्वत:" भन्ने शब्द झिकिएको छ ।

(३) दफा ८१ को उपदफा (२) मा रहेका "दफा ५१, ७८, १२०, १३१ वा १५६" भन्ने शब्दहरुको सट्टा "दफा ५१, ७८, ८०, १२०, १३१ वा १५६" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा १३२ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन् :-

"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दामासाही सम्बन्धी ऐन, २०६३ बमोजिम नियुक्त लिक्वीडेटरले कुनै कम्पनी खारेज गर्नको लागि त्यस्तो कम्पनीको खारेजीको काम कारबाही समाप्त भएको व्यहोरा कार्यालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको व्यहोरा प्राप्त भएपछि कार्यालयले त्यस्तो कम्पनी खारेज भएको अभिलेख गर्नेछ र त्यसरी अभिलेख गरेपछि त्यस्तो कम्पनी खारेज भएको मानिनेछ ।"

१५. **खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ मा संशोधन : खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ३ को,-**

(१) उपदफा (१) मा रहेका "कुनै सरकारी निकायले" भन्ने शब्दहरुको सट्टा "कुनै सरकारी निकाय वा संस्थानले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) मा रहेका "सरकारी निकाय वा नगरपालिकाबाट" भन्ने शब्दहरुको सट्टा "सरकारी निकाय, नगरपालिका वा संस्थानबाट" भन्ने शब्दहरु राखिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. <u>नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ मा संशोधन</u> : नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा २६ मा रहेका "दफा २० विपरीत" भन्ने शब्दहरुको सट्टा "दफा २० बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

१७. <u>नेपाल नागरिकता ऐन, २०६३ मा संशोधन</u> : नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर वा उमेर शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटि भई सो विवरण सच्याउन चाहेमा आवश्यक प्रमाण सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

<u>स्पष्टीकरण</u> : यस उपदफाको प्रयोजनको लागि "सानातिना त्रुटि" भन्नाले नागरिकताको प्रमाणपत्रमा उल्लिखित विवरणमा तात्विक अन्तर नपर्ने जस्तैः "कुमारी", "देवी", "बहादुर", "प्रसाद" जस्ता शब्द बढी राखिएको वा छुटेको वा आकार, इकारमा फरक परेको वा यस्तै अन्य सानातिना त्रुटिलाई जनाउनेछ ।"

१८. <u>नेपाल कानून आयोग ऐन, २०६३ मा संशोधन</u> : नेपाल कानून आयोग ऐन, २०६३ मा रहेको अनुसूचीको सट्टा देहायको अनुसूची राखिएको छ :-

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची
(दफा २५ सँग सम्बन्धित)
शपथ

म ... ... ... ... ... ...सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता र प्रचलित संविधान तथा अन्य कानूनप्रति निष्ठावान रही आफूले ग्रहण गरेको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीसाथ पालन गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुनआएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफू बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

मिति : हस्ताक्षर -"

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. राष्ट्रिय महिला आयोग ऐन, २०६३ मा अनुसूची थप : राष्ट्रिय महिला आयोग ऐन, २०६३ मा देहायको अनुसूची थपिएको छ :-

"अनुसूची
(दफा २२ सँग सम्बन्धित)

शपथ

म ... ... ... ... ... ... ...सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता र प्रचलित संविधान तथा अन्य कानूनप्रति निष्ठावान रही आफूले ग्रहण गरेको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीसाथ पालन गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुनआएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफू बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

मिति : हस्ताक्षर -"

प्रमाणीकरण मिति: २०६४।५।१९

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. [illegible] लागु हुनेछ।
गो ह द नं. १६।०६२।६३

मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।